# परिच्छेद-एक : अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रत्येक व्यक्तिले आफ्नो स्वास्थ्य प्रवर्धनका लागि गरिएका सम्पूर्ण स्वस्थकर क्रियाकलापहरु तथा स्वस्थ्यरहनका लागि अपनाउने समग्र कार्य नै सरसफाई हो । मानव जीवनमा सरसफाईको महत्व ठूलो रहेको हुन्छ । हामीले बिहान उठेदेखि नसुतेसम्म सम्पूर्ण क्रियाकलाप या सरसफाईलाई ध्यान दिनुपर्छ । खाना खानु अघि र पछि, शौचालय पश्चात साबुनपानीले सफासँग हातखुट्टा धुने, खेत, बारी, गोठ, कल, कारखाना तथा अन्य जुनसकै कार्यक्षेत्रबाट फिरेपश्चात हातखुट्टा धुने, नुहाउने तथा आफ्नो कपडाहरु फेर्ने बानीको विकास गर्न सके हामी स्वस्थ्य रहन सक्छौं ।

सरसफाई भन्नाले मानवले आफू स्वस्थरहन आफूलाई सफा सुग्घर राखेर मात्र पुग्दैन । हामी बस्ने वरपरको सम्पूर्ण वातावरणलाई पनि स्वस्थ राख्नुपर्दछ । वरपरको वातावरण सफाराख्नका लागि मानवनिर्मित फोहोरहरु जस्तैः मलमुत्र, ढल, भान्छाबाट निस्कने फोहोरमैला, कृषि कार्यबाट निस्कने फोहोरमैला, कलकारखानाको फोहोर,हस्पिटलको फोहोर आदिलाई व्यवस्थापन गरी हाम्रो जीवनकालागि अतिमहत्वपूर्ण कुराहरु पानी, हावा, माटो तथा खानेकुाराहरु मसेत फोहोर हुनबाट बचाई स्वच्छ राख्नुपर्दछ । सरसफाई मानव सभ्यताको पहिचान दिलाउने अति महत्वपूर्ण कुरा पनि हो । व्यक्तिले आफ्नो सरसफाईमा ध्यानदिने हो भने मात्र पनि धेरै प्रकारका सरुवा रोगका साथै अन्य किटाणुजन्य रोगहरु र दुषित वातावरणका माध्यमबाट लाग्ने रोगहरुबाट बच्न सकिन्छ ।

विद्यालयएउटासानो समाजको नमूना हो जहाँ हरेक धर्म, संस्कृति, समुदाय, जातजाति तथा वर्गका बालबालिकाहरु एकै ठाउँमा भेलाभएर एकै प्रकारको वातावरणमा रहीशिक्षा प्राप्त गरिरहेका हुन्छन् । अर्को प्रकारले भन्ने हो भने विद्यालय भनेको समाजको ऐना हो जहाँ समाजको स्वरुपदेख्न पाइन्छ । यसकारण विद्यालय स्तरमा सरसफाई सम्बन्धी राम्रो ज्ञानदिनसके भविष्यमातिनै बालबालिका आ-आफ्नो समाजमा फर्केर सरसफाई सम्बन्धी सचेत भई व्यावहारिक जीवनमा सहयोग गर्दछन् ।

सरकारी विद्यालयहरुमा सरसफाईका अभ्यासहरुका बारेमा हामीले जानकारी लिन अत्यन्त आवश्यक पर्दछ किनकि सरकारी विद्यालयमा नेपाल जस्तो मध्यम वर्गीय समाज भएको देशमा अधिकांश जनताका छोराछोरी सरकारी विद्यालयमा पठनपाठन गर्दछन् ।

सरकारी विद्यालयहरु बढ्दो शहरीकरण, अव्यवस्थित शहरीकरण तथा अव्यवस्थित बस्तीहरुका कारण दिन प्रतिदिन अतिक्रमण हुने गरेका छन् । विद्यालयको हाताभित्र रहेको खेल मैदानहरुमा फोहोर फाल्ने, गाईवस्तु चराउने जस्ता कृयाकलापद्वारा सामुदायिक विद्यालयहरुको सरसफाई चुनौतीपूर्ण रहेको छ । समुदायमा कुनै प्रकारको प्राकृतिक प्रकोप होस् वा अन्य कुनैपनि प्रकारका घटना भइ मानवलाई स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा प्राय सामुदायिक विद्यालयमा नै स्थानान्तरण गर्ने प्रचलन छ किनकि सामुदायिक विद्यालयहरु अहिलेका संस्थागत विद्यालयभन्दा फराकिलो संरचना र क्षेत्रमा रहेका हुन्छन् र एक प्रकारकले यो सरकारको स्वामित्वमा पनि रहेको हुँदा विकल्पका रुपमा प्रयोग हुँदै आइरहेका छन् । यसको उदाहरणका लागि अहिलेको विश्व महामारीको रुपमा रहेको कोभिड १९ को कुरा गरौं । कोभिड १९ को संक्रमण भएका तथा कन्ट्याक ट्रेसिङमा रहेका व्यक्तिहरुलाई आइसोलेसनका रुपमा सरकारी विद्यालयलाइ एक उचित विकल्पको रुपमा प्रयोग गरिरहेको छ । यस्तो परिस्थितिमा उक्त विद्यालयको सरसफाई, खानेपानीको सरसफाई तथा शौचालय व्यवस्थापनमा धेरै सजगता अपनाउनुपर्ने अवस्था छ किनकि सानो हेलचेक्राईले पनि संक्रमण फैलिएर मान्छेको ज्यान जान सक्ने खतरा हुन्छ ।

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसको उत्पत्ति सन् २०१९ को मध्य डिसेम्बर तिर चिनको वुहान शहरमा भएको थियो । जसका कारण उक्त स्थानमा हजारौं मानिसले ज्यान गुमाएका थिए । त्यसपछि उक्त भाईरसको बदलिएको स्वरुप देखा पर्‍यो, जसको नाम कोभिड-१९ रहन गयो । यसरी चिनको एउटा शहरमा देखा परेको भाइरसले विश्वभर फैलिएर अहिले उत्पात मच्चाई रहेको अवस्था छ। यस्तो संक्रामक भाईरसबाट बच्ने र सुरक्षित रहने प्रमुख उपाय सरसफाई नै हो भन्दा आश्चर्य लाग्दछ तर यो सत्य हो । बेलाबेलामा साबुन पानीले हात धुने, संक्रमित व्यक्तिबाट टाढा रहने, मानिसबीच दुरी कायम राख्ने तथा मास्कको अनिवार्य प्रयोग गर्ने, साबुन पानीले हात धुन सम्भव नभएको अवस्थामा सेनिटाइजर लगाउने जस्ता उपाय अपनाउनु नै यस कोरोना भाइरसबाट बच्न सक्ने उत्तम उपाय मानिन्छ ।

सामुदायिक विद्यालय आम सर्वसाधारण जनताको छोराछोरी पढ्ने प्रमुख विद्यालयहरु हुन् । यस्तो संक्रमण अवस्थामा सरकारी विद्यालयहरुले आफ्नो विद्यालयको शैक्षिक कृयाकलाप संचालन गर्नका लागि विद्यालयमा सरसफाईका साधनहरु व्यवस्थापन गर्न अत्यन्त जरुरी हुन्छ । विद्यालयमा सुरक्षित पिउने पानीको व्यवस्था, शौचालयको व्यवस्था, फोहोर मैलको उचित व्यवस्थापन तथा चमेना गृहको स्व्च्छता सम्बन्धी सचेत रही बेला बेलामा यिनीहरुको अवस्थाको निरिक्षण गर्न जरुरी त थियो नै अझ अब त यो कोभिड-१९ को माहामारी बिचमा आफ्नो विद्यालयको शैक्षणितक कृयाकलापहरु कसरी संचालन गर्ने भन्ने विषय महत्वपूर्ण रहेको छ । कोरोना भाइरसबाट सुरक्षित रहँदै विद्यालयका शैक्षिक कृयाकलापहरु संचालन गर्न के कस्ता सुरक्षाका मापदण्डहरु अपनाउने भन्ने कुरा महत्वपूर्ण रहन्छ ।

हालसम्म कोरोना भाइरसका कारण संक्रमित जनसंख्या ७,२०,६८० रहेको छ । त्यसैगरी कोरोनाका कारण मृत्यु हुनेको संख्या १०,१५० रहकों छ र कोरोना भाइरसलाई पराजित गरी निको हुनेको संखया ६,७३,१९८ रहेको छ (worldometer, August 10, 2021) यस्तो विकराल रुप लिएको कोरोना भाईरस छिट्टै साम्य हुने छाटकाट देखिएको छैन । यसरी सधैं विद्यालय बन्द गरेर घरभित्रै सिमित रहेर विद्यार्थीको भविष्य अन्धकार बनाउने अवस्था पनि रहेन । वैकल्पिक उपायहरुको प्रयोग गरी सिकाईका कृयाकलाप संचालन गर्न पनि सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका घरघरमा इन्टरनेटको सुविधा रहेको अवस्था छैन । इन्टरनेटको त कुरा एउटा राम्रो मोबाइल पनि उपलब्ध गर्न नसक्ने थुप्रै विद्यार्थीहरुको लागि अनलाईन कक्षा संचालन गर्ने कुरा कोरा कल्पना मात्र हो । फेरी भौतिक रुपमा उपस्थित गराएर पढाउँदा त सिकाई उपलब्धि नहुने कतिपय विद्यार्थीका लागि यस्तो अनलाईन कक्षाले खासै उपलब्धी प्राप्त गरेको जस्तो लाग्दैन । यस्तो अवस्थामा अब विद्यालयहरुले आ-आफ्नो विद्यालयमा कोरोना भाईरसद्वारा बच्नका लागि सुरक्षित उपायहरुको खोजी गरी त्यसै अनुसार व्यवस्थपन गर्न जरुरी देखिन्छ ।

विद्यालयको गेटमा हात धुने धारा सहितको पानी टंकी राख्ने, साबुनको व्यवस्था गर्ने, सेनिटाइजर प्रयोग गर्न उत्साहित पार्ने, भिडभाड हुन नदिने, कक्षाकोठामा डेस्क, बेन्चको व्यवस्था मिलाउँदा २ मिटरको दुरी राख्ने, खाजाघरमा जाँदा पनि भिडभाड नगरी भौतिक दुरी कायम राख्ने जस्ता कुराहरुको व्यवस्था गर्न सके कोभिड-१९ बाट पनि बच्न सकिने र विद्यालयमा पठनपाठनका कार्य पनि संचालन हुन सक्दछ ।

सामुदायिक विद्यालयमा सरसफाईको अभ्यास महत्वपूर्ण विषयवस्तु रहको हुँदा हालसम्म विद्यालयमा सरसफाईका अभ्यासहरु कसरी संचालन हुँदै आइरहेका छन् भनेर अध्ययन अनुसन्धान गरी उक्त अध्ययनबाट निस्किएका निष्कर्षहरुलाई मनन् गरी सरसफाईमा ध्यान पुऱ्याई भावी दिनहरुमा अझ स्वच्छ र सफा विद्यालय वातावरण बनाई शिक्षाका सम्पूर्ण कृयाकलापहरु निरन्तर रुपमा संचालन गर्नका लागि के कस्ता सुधारका उपायहरु अपनाउने भन्ने कुरा महत्वपूर्ण रहन्छ । त्यसैगरी विश्वव्यापी संक्रमक रोग कोरोना भाईरसबाट बच्न विद्यालयले के कस्ता कृयाकलाप संचालन गरिरहेका छन् भन्ने कुराको अध्ययन गर्नका साथै त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष स्वास्थ्य शिक्षा विषय ( ५९८) को आंशिक पाठ्यभार पूरा गर्न सामुदायिक विद्यालयमा सरसफाईको अभ्यास तथा कोभिड-१९ विरुद्धका प्रयास सम्बन्धी अध्ययन गर्ने जमर्को गरेकी छु ।

नेपालमा कोरोनाको सुरुवात भन्नुपर्दा सन् २०२०, जनवरी ९ मा चाइनाको वुहान शहरबाट नेपाल फर्केका एकजना नेपाली विद्यार्थीमा शहीद शुक्रराज ट्रपिकल सेन्टरले २३ जनवरी, २०२० मा परिक्षण गर्दा कोरोना पोजेटिभ पुष्टि भएको थियो जुन दक्षिण एसियाकै पहिलो केश थियो । यसरी सुरु भएको कोरोना संक्रमण यात्रा अहिले विकराल छ । हाल नेपालमा कोरोना संक्रमितको संख्या जम्मा ७३०,४७९, निको हुनेको संख्या ६८०,८१५, मृत्यु हुनेको संख्या १०,२५९ र बाँकी संक्रमित संख्या ३९,४०५ रहेको छ (हिमाल पत्रिका, २,०७८ श्रावण २९) यस्तो डरलाग्दो अवस्था रहेपनि हालसम्म यसको कुनै औषधी उपचार रहेको छैन । हाल आएर कोरोना विरुद्धका खोपहरुको विकास भएका छन् तर हाम्रोजस्तो गरीब मुलुकका जनताले सर्वसुलभ तरिकाले समयमै खोप सुधिवा पाउन धेरै मुस्किल छ । यस्तो अवस्थामा कोरोना भाइरसको संक्रमणबाट बच्न हामीले आफ्नो व्यक्तिगत सरसफाईलाई ध्यान दिने, बारम्बार हात धुने, सेनिटाइजर लगाउने, भिडभाडमा नजाने, अनिवार्य मास्कको प्रयोग गर्ने जस्ता रोकथामका उपायहरु अपनाउनसकिन्छ ।

यसरी हेर्दा कोरोना भाइरसको संक्रमण पछि विद्यालयले अपनाउनुपर्ने सरसफाईका पूर्वाधारहरु अत्यन्त महत्वपूर्ण कुरा हो । युनेस्कोका अनुसार कोरोना प्रभावित विश्वका १८६ मध्ये नब्बे मुलुकमा विद्यालय बन्द छन् । बन्द भएका विद्यालयमा पनि कोरोनाको लागि क्वारेन्टाईन संचालित छन् । यस्तो हुँदा विद्यार्थी र अभिभावकमा मनोवैज्ञानिक सन्त्रास फैलिएको छ । अब विद्यालयमा कोरोना संक्रमण हुन नदिन अपनाउनुपर्ने पूर्वाधारका मापदण्डहरु पूर्ण रुपमा अभ्यास गर्दै विद्यालय संचालन गर्न तर्फ लाग्नु पर्ने हुन्छ । विद्यालयमा

राखिएका क्वारेन्टाईनहरु हटाई पूर्ण रुपमा सेनिटाइजेसन गर्नुपर्दछ । विद्यालयमा विद्यार्थीको नियमित चेकजाँच गर्ने व्यवस्था मिलाउनु पर्छ । सबैलाई निःशुल्क मास्क, पन्जा उपलब्ध गराउनुपर्दछ । सरसफाईका अभ्यासहरुलाई निरन्तरता दिन चेतनामुखी अभियान संचालन गर्नुपर्दछ । हाम्रो खानपानको व्यवहार परिवर्तन गरी आफ्नै खेतबारीमा फलेका ताजा तरकारी तथा फलफूल खाने बानी बसाल्नुपर्दछ । अब यो कोरोना भाइरस तत्काल समाधान भईहाल्छ जस्तो लादैन । यस्तो अवस्थामा कोरोनालाई चुनौती दिँदै वैकल्पिक शिक्षा शिक्षणका उपायहरु अपाउन आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन

हामी स्वस्थ अथवा निरोगी रहनका लागि सरसफाईमा ध्यान दिन अत्यन्त जरुरी हुन्छ । सुन्दा सामान्य लागे पनि सरसफाई भन्ने शब्दको क्षेत्र व्यापक छ । सरसफाईमा मात्र ध्यान दिने र हामीले हाम्रो दैनिक कार्यहरु पश्चात राम्ररी सही तरिकाले साबुनपानीले हात धुने हो भने धेरै सरुवा रोगहरु सर्नबाट बचिने कुराको यथार्थ त हाल विश्वमा फैलिएको केभिड १९ को संक्रमणबाट पुष्टि भइसकेको छ ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा जनमानसमा चेतनाको अभावमा सरसफाईमा हेलचेक्राईं भएको पाइन्छ । अव्यवस्थित शहरीकरण, ढलहरुको व्यवस्थापन नहुनु, सानो कोठामा धेरै जनाको बसाँई तथा व्यवस्थित शौचालय नहुनु जस्ता कारणले दिनानुदिन वातावरण प्रदुषित बन्नुका साथै हामी रोगी भइरहेको अवस्थामा हाम्रो आधारभूत तह अर्थात विद्यालय तहदेखि नै हाम्रा भावी सन्ततिहरुलाई सरसफाईको राम्रो शिक्षा दिनसकेमा भविष्यमा एक स्वच्छ र सुन्दर राष्ट्र बन्नेमा शंका हुन्न भन्ने विश्वास लिएर यस अध्ययनमा यस धरान उ.म.न.पा.का सरकारी विद्यालयमा सरसफाईको अभ्यास कस्तो रहेछ भनी अध्ययन गर्न खोजिएको छ ।

यस अध्ययनमा धरान उ.म.न.पा.का सरकारी विद्यालयहरुमा सरसफाई सम्बन्धी अभ्यास कस्तो रहेको छ भनी उनीहरुको विद्यालय हाताभित्र रहँदाको समयमा चर्पीको प्रयोग, हात धुने अभ्यास, फोहोर मैला व्यवस्थापन कस्तो रहेको छ ? पिउने पानीको व्यवस्था कस्तो रहेको छ ? विद्यालय हाताभित्र तथा कक्षा कोठाामा डस्टबिनको व्यवस्था कस्तो छ ? खाजा तथा चमेना गृहको अवस्था कस्तो छ ? विद्यार्थीहरुमा उपलब्ध सरसफाईका सामान तथा सुविधाको प्रयोग कस्तो रहेको छ ? सरसफाई सम्बन्धी चेतना कस्तो छ ? शिक्षकहरुमा

सरसफाई सम्बन्धी चेतना तथा कार्यान्वयनको अवस्था कस्तो छ ? विद्यालयमा अहिले महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट बच्न के कस्ता सुरक्षित उपायहरु अपनाइएको छ ? आदि कुराहरुलाई समेटी यसको उत्तर खोजी गर्नु यस अध्ययनको समस्याको कथन रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

उद्देश्य बिनाको कुनै पनि कार्य गन्तव्यहीन यात्रा बराबर हो ।निश्चित उद्देश्यहरु तय नगरी गरिएको कार्यले प्राप्त गर्न खोजिएको लक्ष्यहरुलाई पूर्णता दिन सक्दैन । तसर्थ यस अध्ययनको साधारण उद्देश्यमा सामुदायिक विद्यालयहरुको सरसफाइको अभ्यासको अवस्था पत्ता लगाउनु रहेको छ । र, निम्नदुइ विशिष्ट उद्देश्यहरु तय गरिएका छन्,

क. सरकारी विद्यालयहरुमा सरसफाईको अभ्यासको अवस्था पत्ता लगाउनु ।

ख. सामुदायिकविद्यालयमा कोरोना भाइरसको महामारीबाट बच्न अपनाइएको सुरक्षित उपायहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

हरेक विषयवस्तुको आफ्नै छुट्टै महत्व र पहिचान रहेको हुन्छ । स्वास्थ्य नै धन हो भने जस्तै हरेक व्यक्तिले आफ्नो स्वास्थ्यप्रति सचेत भई सधैं स्वस्थ्य रहनका लागि सरसफाई अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । सरसफाईको अभावमा व्यक्ति फोहारी र रोगी हुनेगर्दछ । हाम्रो जस्तो विकासोन्मुख र अशिक्षित नागरिकहरु बहुल्य भएको देशमा त अझ सरसफाईको अवस्था दयनीय रहेको छ । चेतनाको अभावमा होस् या हेलचेक्राईले गर्दा सरसफाईका उपायहरु अवलम्वन नगर्दा धेरै मानिसहरु जोखिममा परेको देखिन्छ । तसर्थ यस अध्ययनले सरकारी विद्यालयमा भएका हुनेगरेका सरसफाईका अभ्यास पत्ता लगाई यसको ज्ञान, चेतना, अभ्यास तथा कार्यान्वयन सम्बन्धी जानकारी हासिल गरी सम्बन्धित निकायहरुलाई विद्यालयमा के-कस्ता कार्यक्रमहरु लान जरुरी छ भन्ने कुरामा सहयोग गर्ने हुँदा यस अध्ययनको महत्व रहेको छ । हाम्रा अधिकांश जनताका छोराछोरी सरकारी विद्यालयहरुमा अध्ययनरत रहेको छन् । तसर्थ यस अध्ययनले सरकारी विद्यालयको सरसफाई सम्बन्धी अभ्यासको अवस्था अध्ययन गरी प्रतिनिधित्व गरी समग्र राष्ट्रलाई भावी योजनाहरु बनाउँदा कसरी बनाउने र खाँचो रहेको

कुराहरुको व्यवस्थाका लागि सुझाव दिन पनि यस्ता अध्ययनको महत्वपूर्ण भूमिका रहेको हुन्छ जसलाई निम्न प्रकार उल्लेख गरिएको छ :

क. सरकारी विद्यालयहरुमा सरसफाईको अभ्यास सम्बन्धी ज्ञान पत्ता लगाउन सहयोग गर्दछ ।

ख. सरकारी विद्यालयमा उपलब्ध सरसफाईका उपायहरु प्रयोग गरे/नगरेको कुरा पत्ता लगाई त्यस सम्बन्धी विद्यालयलाई आगामी दिनमा अपनाउनुपर्ने उपायहरु बारे जानकारी दिन्छ ।

ग. विद्यार्थीलाई विद्यालयमा रहँदा स्वच्छ पिउने पानी, चर्पीको प्रयोग, फोहोर व्यवस्थापन, व्यक्तिगत सरसफाई आदि कुरामा चेतना फैलाउन सहयोग गर्दछ ।

घ. विद्यालयका शिक्षकहरुमा भएको सरसफाईको ज्ञान र त्यसको विद्यालयमा प्रयोग जस्ता कुराको जानकारी लिई आगामी दिनमा अझ सुधार गर्ने मौका प्रदान गर्दछ ।

ङ. यस अध्ययनले आगामी दिनहरुमा यस्तै शीर्षकमा अनुसन्धान गर्न चाहने विद्यार्थीहरुका लागि सन्दर्भ सामाग्रीको काम गर्न सक्छ ।

च. विद्यार्थीलाई विद्यालयमा प्रवेश गरेदेखि विद्यालयमा रहुन्जेल कोरोना भाइरसबाट बच्न अपनाइने सुरक्षाका मापदण्डहरु अपनाउन सहयोग गर्दछ ।

छ. व्यक्तिगत सरसफाई, वारम्बार हात धुने अभ्यास, सेनीटाइजरको प्रयोग र भौतिक दुरी कायम गरी कोरोनाबाट बच्न सकिन्छ भन्ने चेतना दिन्छ ।

## १.५ अध्ययनको परिसीमा

जुनसुकै कार्यलाई पूर्णता दिई उद्देश्यमूलक बनाउन निश्चित सीमाभित्र रही सञ्चालन गर्नुपर्दछ । तसर्थ यस अनुसन्धान कार्यलाई सफल र परिणाममुखी बनाउन निम्न लिखित सीमा निर्धारण गरिएको छ ।

क. यो अध्ययन धरान उ.म.न.पा. भित्र रहेकाजम्मा ३० वटा सरकारी विद्यालयका शिक्षक मध्ये नमुना छनोट विधिबाट छनोटमा परेका ५ वटा विद्यालयका जम्मा १०७ जना शिक्षकहरुमा पनि १०/१० जना गरी जम्मा ५० जना शिक्षकहरुमा सीमित रहेको छ ।

ख. यस अध्ययनमा उत्तरदाताका रुपमा छनौट मा परेका शिक्षकमा मात्र सीमित रहेको छ ।

ग. यस अध्ययनमा छनोटमा परेका विद्यालयका विद्यार्थीहरुको विद्यालय हाताभित्र गर्ने सरसफाई अभ्यासलाई मात्र समेटिएको छ ।

घ. यस अध्ययनमा सरकारी विद्यालयमा हुने सरसफाईका अभ्यास सम्बन्धी प्रश्न निर्माण गरी त्यसको उत्तरहरु खोजी गरिएको छ ।

## १.६ पारिभाषिक शब्द

| | | |
|---|---|---|
| सरसफाई | - | सफासुग्घर गर्ने काम |
| कोभिड-१९ | - | सार्स कोभ २ (क्बचक(त्रृयख(द्द) को संक्रमणबाट हुने रोग |
| सरकारी विद्यालय | - | सरकारको मातहतमा रहेका विद्यालयहरु |
| उ.म.न.पा. | - | उप-महानगरपालिका |
| विकाशोन्मुख | - | विकाशतिर लम्किदै गरेको भर्खर-भर्खर विकास हुन लागेको (देश) |
| अव्यवस्थित सहरीकरण | - | कुनैपनि व्यवस्था नभएको, नमिलेको अवस्थामा भत्ताभुंग तरिकाले बनाएको शहर |
| वैकल्पिक | - | विकल्पमा आउने, पहिले छानिएको व्यक्ति, वस्तु आदि नपाइँदा त्यसको सट्टा प्रयोग गरिने अर्को व्यक्ति, वस्तु तथा उपायहरु |
| कोरोना भाइरस | - | बाहिरी रुप श्रीपेच जस्तो भएको विषाणु, भाइरस |
| सरुवा रोग | - | एकव्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्न सक्ने रोगहरु |
| मापदण्ड | - | ताप्नका लागि प्रयोग गरिने साधन |
| महामारी | - | सरुवा रोगको कारण सबैतिर रोग फैलिएको अवस्था |
| भौतिक दुरी | - | एक व्यक्ति तथा वस्तुबाट अर्को व्यक्ति तथा वस्तुबाट अर्को व्यक्ति तथा वस्तु बिचको फरक |
| क्वारेन्टाईन | - | कोरोना भाइरसको संक्रमणको शंका लागेका तर पुष्टि भै नसकेका व्यक्तिहरुलाई फल्टै छुट्टाएर राखिने स्थान |

| | | |
|---|---|---|
| विकराल | - | डरलाग्दो, भयङ्कर |
| हात धुने अभ्यास | - | विभिन्न किटाणुहरुबाट बच्न बारम्बार साबु पानीले हात धुने कार्य |
| सेनिटाइजर | - | विभिन्न प्रकारका भाईरस, जिवाणुहरु नास गर्नका लागि हातमा लगाउने विषयुक्त तरल पदार्थ |

## परिच्छेद-दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनलाई अनुसन्धान प्रक्रियाको एउटा महत्वपूर्ण खण्ड मानिएको छ । यसले सम्बन्धित विषयमा पहिले भएको खोजको मूल्याङ्कन गर्न मद्दत गर्दछ । पुराना वैज्ञानिकहरुद्वारा सम्पादन गरिएका कार्यहरुका व्यवस्थित संरचनालाई नै साहित्यको पुनरावलोकन भनिन्छ ।

सरसफाई भन्ने शब्द ज्यादै सामान्य लाग्ने शब्द हो तरपनि यस शब्दको व्यापकता ज्यादै वृहत हुने गर्दछ । हामीले हाम्रो दैनिक जीवनयापनका क्रममा जानेर होस् या नजानेर सरसफाईका अभ्यास गरिरहेका हुन्छौं । जस्तै बिहानै उठेर हातमुख धुने कार्य, काम गरेर घर फर्केपछि हातखुट्टा राम्ररी धुने कार्य, दिशापिशाव गरिसकेपनि हात धुने कार्य, खाना खानु अघि र पछि हात धुने कार्य, घरआगन बिहानै उठेर बढार्ने कार्य, गोठ, खोर इत्यादि सफा गर्ने कार्य आदि परम्परादेखि चलिआएका सरसफाईका अभ्यासहरु हुन् । यी माथि उल्लिखित अभ्यास हामीले जानी नजानी नियमित रुपमा गर्दै आइरहेका छौं ।

हाल आएर सरसफाई भन्नाले यति सरल रुपमा नभई यसको व्यापकता रहेको छ ।

“सरसफाई भन्नाले सार्वजनिक रुपमा स्वस्थ पिउने पानीको व्यवस्था र मानव मलमूत्रको व्यवस्थापनलाई जनाउँदछ, जसले विभिन्न सरुवा रोग सर्नबाट बचाउँछ” । (Wikipedia) ।

सरसफाई भन्नाले स्वच्छ पिउने पानी र ढलहरुको सही व्यवस्थापन गरी वातावरण तथा व्यक्तिलाई स्वस्थ्य राख्ने प्रक्रिया हो । (Collins English Dictionary)

यी दुई परिभाषालाई केलाउँदा सरसफाई भन्नाले आफू सफा रहनका लागि वातावरण पनि सफा हुनुपर्दछ जसका लागि मुख्य गरेर स्वच्छ खानेपानी र मानव मलमुत्रको सही व्यवस्थापन गर्नसके वातावरणका साथै व्यक्ति पनि स्वच्छ र स्वस्थ्य रहन्छ भन्ने कुरा बुझ्न सकिन्छ ।

सरसफाईका सन्दर्भमा यहाँ सरकारी विद्यालयहरुमा हुनेगरेका अभ्यास बारे अध्ययन गर्न खोजिएको छ । तसर्थ विद्यालयमा हुनेगरेका कार्यक्रमहरुको अध्ययन अति जरुरी हुन्छ । हाल आएर नेपालका प्रायःजसो विद्यालयहरुमा विद्यालयको अगुवाईमा पूर्ण सरसफाईका कार्यक्रम अन्तर्गत वातावरणीय सरसफाई, सरसफाईका सुविधाहरु र खुला दिशा अन्मुलन

जस्ता विषयवस्तुलाई समेटी कार्यक्रमहरु तय गरिएका हुन्छन् जसलाई ञ्भ्क्त शब्दले पनि जनाउन सकिन्छ । जस अन्तर्गत बानी व्यहोरा रुपान्तरण वातावरणीय सरसफाई, सरसफाईका सुविधाहरु, खुला दिशापूर्ण उन्मुलन आदि कार्यहरु पर्दछन् । विद्यालयमा भएका यस्ता प्रकारका कार्यक्रमहरुले समाजमा प्रत्यक्ष प्रभाव पार्दछ किनभने विद्यालयमा गएर विद्यार्थीले शैद्धान्तिक ज्ञान प्राप्त गर्दछन् र त्यसलाई व्यवहारिक रुपमा समाजमा प्रयोग गर्ने हुनाले विद्यालयमा के कस्ता कार्यक्रमहरु हुनेगरेका छन्, विद्यालयमा सरसफाईको अभ्यासमा कस्तो सकारात्मक परिवर्तनहरु हुँदैछन् भन्ने जस्ता कुराको ज्ञान सबैले लिनुपर्दछ । (श्रोत : डा. चित्र ब. केशी / विष्णु प्र. वाग्ले, विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन :फ्म। क्ष्क्ष थ्मबच)

विद्यालयमा सरसफाईको अभ्यासका विषयमा तथ्याङ्कका आधारमा भन्नुपर्दा शिक्षा विभागले हालै प्रकाशित प्रतिवेदन अनुसार मुलुकमा भएका २९ हजार ६ सय ३० सामुदायिक विद्यालयमध्ये शौचालय सुविधा भएका जम्मा विद्यालयहरु ८१.३५ देखिन्छन् । छात्राहरुका लागि छुट्टै शौचालय सुविधा भएका जम्मा विद्यालयहरु ६७.६५ र शौचालय युरिनल सुविधा भएका विद्यालयहरु जम्मा ४०.९५ रहेका छन् । त्यस्तै पर्याप्त खानेपानीका सुविधा उपलब्ध भएका विद्यालयहरु ७९.७५ रहेको छ । यस तथ्याङ्कलाई हेर्दा विगतमा भन्दा सुधारिएको तर पर्याप्त सन्तुष्टि हुनुपर्ने अवस्था नरहेको छ ।

विद्यालय सरसफाईका क्षेत्रमा सरकारी एवं गैह्रसरकारी क्षेत्रबाट पनि थुप्रै प्रयासहरु भएको पाइन्छ । यसको उदाहरणका लागि चारदशक अघिदेखि स्वच्छता र सरसफाईलाई विद्यालयको पाठ्यक्रममा राखी पठनपाठन गर्ने कार्य भएको छ। त्यसैगरी सरकारले विद्यालयमा हुने गरेका सरसफाईका कार्यक्रमलाई टेवा पुऱ्याउने उद्देश्यले राष्ट्रिय सरसफाई गुरुयोजना २०६८ जारी गरेको छ। त्यसैगरी विद्यालयमा सरसफाई अभ्यास जस्तो गम्भीर विषयवस्तुलाई ध्यानमा राखी युनिसेफको सहयोगमा नेपाल सरकारले एक तारे, दुई तारे र तीन तारे विद्यालयको अवधारणा अघि सारेको छ । खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन हरेक विद्यालयको लागि अति आवश्यक कुरा अन्तर्गत पर्दछन् । विद्यालयलाई ध्बक्ज को सुविधा अन्तर्गत स्वीकृत गरी कार्यान्वयन गर्ने प्रयासमा रहेको छ । (श्रोत : विद्यालय सरसफाईमा तारे अवधारणा - जीत ब. शाह २०७७)

विद्यालयमा सरसफाईको ठूलो महत्व हुन्छ भन्ने कुरा अहिले विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको प्रकोपले राम्ररी पाठ सिएको छ । व्यक्तिगत सरसफाईले मात्र पनि कोरोना भाइरसको प्रकोपबाट बच्न सकिने कुरा पुष्टि भएको छ । सन् २०१९ को

अन्त्य तिर चीनको वुहान शहरमा देखिएको कोरोना भाइरस संक्रमण २०२० मा विश्वभरी नै महामारीका रुपमा फैलियो । श्वास प्रश्वासको माध्यमद्वारा एक व्यक्तिबाट अर्को व्यक्तिमा चाँडै सर्ने यो रोगको औषधी पत्ता नलागेको अवस्थालाई मध्यनजर गर्दै वारम्वार हात धुन र मास्कको प्रयोग गर्न विश्वभरी जोड दिइयो । त्यसैगरी कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण गर्न नेपाल सहित विश्वका धेरैजसो मुलुकले लकडाउनको विधि अपनाए । भिडभाड हुने सबैजसो क्षेत्रहरु बन्द गरियो, जसमा विद्यालयहरु पनि पर्न गए । देशका अधिकांश विद्यालयहरु कोरोनाबाट संक्रमितहरुलाई राख्ने क्वारेन्टाइनको रुपमा प्रयोग गरिए । नेपालमा २०७६ सालको चैत्र ११ गतेदेखि लकडाउन सुरु भयो जसकाकारण विभिन्न तहका परिक्षाहरु स्थगित भए । खाली भएका विद्यालयहरुमा क्वारेन्टाईनको लागि प्रयोग हुनु त राम्रैं पक्ष थियो तर यसको समुदायमा नकारात्मक असरहरु पर्न गए । एक त विद्यालय प्राय बस्तीको बिचमा हुने गरेका छन् र त्यस्ता विद्यालयहरुमा कोरोना संक्रमितहरुलाई तथा क्वारेन्टाईन स्थल बनाईदा सर्वसाधारण विद्यार्थी, शिक्षक र अभिभावकलाई एक किसिमको त्रास फैलियो । आइसोलेसनमा बसेका कतिपय व्यक्तिहरु कोरोना पोजिटिभ पुष्टि हुने हुँदा उनीहरुले प्रयोग गरेका सामानहरु राम्ररी व्यवस्थापन नगर्दा रोग फैलने सम्भावना रह्यो । पछि यसरी आइसोलेसनका लागि प्रयोग भएका विद्यालयहरु सरकारकै निर्देशनमा २०७७श्रावणदेखि खाली गराई निर्मलीकरण गरेर मात्र अध्ययन-अध्यापन गर्न योग्य बनाउनु पर्ने भनिएको थियो ।

यसरी कोरोना भाइरसको विश्व महामारी पछि विद्यार्थी, शिक्षक तथा समुदायमा सरसफाई प्रति चासो पढेको महसुस भएको छ । नियमित हात धुने र सरसफाई गर्ने बानीको विकास भई रोगबाट बच्न सक्ने कुरा सर्वसाधारणले बुझ्दै जाँदैछन् (Martin Chautari,२८ फाल्गुन, २०७७) ।

## २.२ व्यवहारिक साहित्यको पुनरावलोकन

सरसफाई भन्नाले मानव मलमुत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाई भनिन्छ । (खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि २०७४, बेलबारी नगरपालिका सरसफाईको उक्त परिभाषा दिई बेलबारी नगरपालिकाले सरसफाई तथा स्वच्छता कार्यविधि २०७४ तय गरेको छ जसमा स्वच्छ विद्यालय प्रबर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुनका लागि विद्यालयमा सरसफाईका सुविधा, कक्षा कोठाको सरसफाई, सचेतना

कार्यक्रम, अभिभावकलाई सरसफाई सम्बन्धी अभिप्रेरित गर्ने खालका कार्यक्रम निर्माण, सम्बन्धित कार्यक्रम कार्यान्वयनमा अनुगमन र सहजीकरण आदि क्रियाकलापहरु संचालन गरी विद्यालयको सरसफाई अभ्यासमा निरन्तरता दिन सकिन्छ भन्ने कुराको निष्कर्ष निकालेका छन् ।

सिंह, ललित (२०७५) विद्यालयको सरसफाईमा सुधारले बझाङ जिल्लाका सरकारी विद्यालयहरुमा गरेको एक अध्ययनले विद्यालयमा खानेपानीको व्यवस्था, चर्पीको निर्माण साथै फोहोर व्यवस्थापन गर्न खाल्डोको निर्माण हुँदा विद्यार्थी र शिक्षकहरुको व्यक्तिगत सरसफाई हुँदा अन्य विद्यालयका लागि नमूना बनेको निष्कर्ष निकालेको छ । त्यसैगरी विश्व खाद्य कार्यक्रमको सहयोगमा अघि बढे एस नेपाल नामक संस्थाले विद्यालय सरसफाई कार्यक्रम लागु गरेपछि विद्यालय र विद्यार्थीको सरसफाईमा सुधार देखिएको छ । यस संस्थाले १ सय १८ वटा विद्यालयमा बाल क्लब स्थापना गरेको छ भने १२० विद्यालयहरुमा टि.पी. ट्याप धाराहरु निर्माण गरिदिएको छ ।

युनिसेफ (२०१८) को अनुसार नेपालको १ करोड ८ लाख जनसंख्यासँग उपयुक्त सरसफाईको सुविधा छैन र ३५ लाख मानिससँग आधारभूत खानेपानीको सुविधा छैन । यस संस्थाको अध्ययनले नेपालको सरसफाईको क्षेत्रमा नाजुक अवस्था, खानेपानीको वितरण प्रणाली कमजोर रहेको देखाएको छ । त्यसैगरी सरकारी विद्यालयहरुमा सुधारिएको खानेपानी तथा सरसफाईको उपलब्धता २०५ रहेको, १६५ जनसंख्या अझै खुला रुपमा दिशापिशास गर्ने गरेको, ९५५ सम्म मात्र खानेपानीको पहुँच भएको, १९५ मा मात्र महिला र परुषका लागि छुट्टै शौचालय सुविधा रहेको देखाएको छ ।

सरसफाई कतिको महत्वपूर्ण छ भन्नेबारे (२०२१) अनुसार फोहोर हात थुप्रै रोगहरुको कारण हुनसक्छ । सरसफाई भनेको बाहिर सफा देखिनु मात्र नभई सुस्वास्थ्यका सबै भौतिक स्तरहरुलाई समेट्छ ।

गौली, (१९९७) ले पोखराका सामुदायिक विद्यालयमा गरेको सरसफाई सम्बन्धी अध्ययनले सबै विद्यालयहरुमा पानीको श्रोत उपलब्ध नभएको र उक्त स्थानमा माटोको भाँडा, बाल्टी, गाग्री आदिमा पानी संचित गरिएको तर चर्पीको व्यवस्था भएपनि यसलाई सफा नराखेको पाइयो ।

Rai et.al (2015) Neglected Scenario of Sanitation Health Renaissance ले सुनसरी जिल्लाका विद्यालयहरुमा सरसफाईको उपेक्षित परिदृश्य सम्बन्धी गरेको अध्ययनले

सुनसरीका सामुदायिक विद्यालयहरुमा सरसफाईको भौतिक सुविधाको उपलब्धता दयनीय रहेको निष्कर्ष निकालेको छ जस अनुसार विद्यालयमा शौचालय भएपनि पानीको प्रयोगको अभावका कारण प्रयोगमा नआएको, विद्यालयमा शौचालय प्रयोगमा आएको भएपनि सेफ्टिक ट्याङ्क भरिएका कारण दुर्गन्धित र प्रयोगहीन रहेको, सुरक्षित पिउने पानीको आपुर्ति दयनीय रहेको निष्कर्ष निकालेको छन् जसका कारण विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा विद्यालय वरपरका क्षेत्रका मानिसहरु सरुवा रोगको जोखिममा रहेको तथ्य निकालेको छ ।

सर्वप्रथम चिनको वुहान शहरमा पहिचान गरिएको कोभिड-१९ अर्थात् 'कोÚ ले कोरोना र 'भि' ले भाइरस भन्ने जनाउँदा कोरोना भाइरस एक परिवर्तित स्वरुपको भाइरस हो जसलाई सिभियर एक्युट रेस्पिरेटोरी सिन्ड्रम (सार्स) र सामान्य प्रकारका रुघाखोकीसँग पनि सम्बन्धित भनिएको हो (UNICEF, २१ मार्च, २०२०) ।

संक्रमित व्यक्तिसँग प्रत्यक्ष सम्पर्कमा रहँदा उनीहरुले खोक्दा वा हाछ्युँ गर्दा उत्पन्न भएका श्वासजन्य सुक्ष्म थोपाहरुबाट र भाइरसबाट संक्रमित वस्तु तथा सतह हुँदा यो भाइरस सर्ने गर्दछ । ज्वरो आउनु खोकी लाग्नु, स्वाँ-स्वाँ हुनु, जटिल प्रकारको निमोनिया हुनु जस्ता लक्षणहरु कोरोनाका लक्षणहरु हुन् । कोरोनाको लक्षण इन्फ्लुएन्जा र सामान्य रुघाखोकीसँग मिल्ने हुँदा पुष्टि गर्नका लागि परिक्षण नै गर्नुपर्ने हुन्छ । यसको परिक्षणलाई P.C.R. परिक्षण भनिन्छ । यसको संक्रमणबाट बच्नका लागि व्यक्तिगत सरसफाईमा ध्यान दिने, नियमित रुपमा साबुन पानीले हातधुने, सेनिाटाईजरको प्रयोग गर्ने, खोक्दा वा हाछ्युँ गर्दा नाकमुख छोप्ने, नियमित मास्कको प्रयोग गर्ने, भिडभाडमा नजाने र जानै पर्ने भएमा अरुबाट कम्तीमा दुई मिटरको दूरी कायम राख्ने जस्ता सुरक्षाका उपायहरु अपनाउन सके कोरोना भाइरसको जोखिमबाट बच्न सकिन्छ । कारोना भाइरसको संक्रमणबाट हुने रोगको लागि हालसम्म कुनै औषधी उपचार पत्ता लागेको छैन तर अहिले विभिन्न मुलुकले खोप पत्ता लगाएका छन् ।

## २.३ साहित्यिक पुनरावलोकनको अध्ययनमा प्रयोग

सामुदायिक विद्यालयमा सरसफाईको अभ्यासत था कोभिड-१९ विरुद्धका प्रयासहरुबारे अध्ययन गर्दा मैले पढेका पुस्तक, लेख तथा सोधपत्रले मलाई पुऱ्याएको सहयोग र मैले तयार पारेको शोधपत्रले भविश्यमा अन्य शोधपत्र तयार पार्ने व्यक्तिका लागि पुऱ्याउन सक्ने सहयोग निम्न प्रकार पुऱ्याउन सक्ने छ ।

क. मुस्लिम समुदायमा प्रजनन् उमेरका महिलामा परिवार नियोजनका साधनहरुको प्रयोग सम्बन्धी एक अध्ययन' ले यो शोधपत्रको प्रस्तावना लेखनमा ऋमबद्धता, विषयवस्तुको, शीर्षक तथा लेखनशैली निर्धारण गर्न सहयोग गरेको छ ।

ख. ग्रामिण खानेपानी अपुर्ति तथा सरसफाई नीति, २०६० परिक्षण प्रतिवेदनले देशभरमा खानेपानीको अवस्था, विद्यालयमा स्वच्छ पिउने पानीको अवस्था बारेमा जान्न सहयोग गरेको छ ।

ग. व्यक्तिगत सरसफाई, स्वस्थ बालबालिका (UNICEF, ३० मे, २०१९) ले व्यक्तिगत सरसफाईले स्वस्थ्यमा पार्ने प्रभाव र बालबालिकामा सरसफाई देखि लिएर, चर्पीको प्रयोग गर्ने जस्ता कुरा लेख्नमा सहयोग गरेको छ ।

घ. विद्यालयको सरसफाईमा सुधार (नेपाल समाचार पत्र, २५ पुष २०७५) ले विद्यालयमा सरसफाईको हालको अवस्था फोहोरमैला व्यवस्थापन, विद्यालयमा भएका सरसपफईका साधनको प्रयोगको अवस्थाबारेमा लेख्न सहयोग गरेको छ ।

ङ. कोभिड-१९ ले नेपालको विद्यालय शिक्षामा के प्रभाव पाऱ्यो ? के सिकायो ? (मोक्तान सन्जिला, २८ फाल्गुन, २०७७) ले कोरोनाको विस्तृत अवस्था विद्यालयको सरसफाईमा पारेको प्रभाव, विद्यालयको हालको सरसफाईको अवस्था आदि बारेमा ठूलो सहयोग गरेको छ ।

## २.४ अवधारणात्मक ढाँचा

सामान्यतया संचालन गर्न लागिएको अध्ययनलाई अनुसन्धानकर्ताले कसरी पूर्णता दिने सोच बनाएको छ, सोही कुरालाई चित्रात्मक रुपमा उल्लेख गर्नु नै अवधारणात्मक ढाँचा हो । यसमा विशेषत: अनुसन्धानका लागि छनोट गरिएका विविध चरणहरुको सम्बन्धलाई चित्रात्मक रुपमा उल्लेख गरिन्छ जसले सम्पूर्ण अध्ययन प्रक्रियालाई नै निर्देशित गर्दछ । यस ढाँचाले अनुसन्धानकर्ताले आफ्नो अध्ययनलाई कसरी अगाडि बढाउन चाहेको छ र अनुसन्धान प्रक्रियाबाट कस्तो नतिजाको अपेक्षा गरेको छ सो कुरालाई प्रष्ट पार्दछ ।

यस अध्ययनको अवधारणात्म ढाँचा अन्तर्गत धरान उ.म.न.पा.का सरकारी विद्यालयमा सरसफाईको अभ्यास सम्बन्धी अवधारणात्मक ढाँचा निम्न प्रकार प्रस्तुत गरिएको छ :




माथिको संरचनामा सरकारी विद्यालयहरुमा सरसफाईको अभ्यासको सम्बन्धमा प्रभाव पर्ने तत्वहरुमा चेतनाको कमी, सरसफाई अभ्यासको कमी, अनुसासनको पालना नहुनु,

कमजोर कार्यान्वयन पक्ष, व्यक्तिगत सरसफाईको कमी तथा भौतिक संरचनाको अभाव देखाइएको छ भने यसको सुधारका लागि चेतनाका विकास गराउने, सरसफाईको अभ्यास, अनुसासन पालना, बलियो कार्यान्वयन पक्ष, व्यक्तिगत सरसफाईमा जोड तथा भौतिक संरचना व्यवस्था गर्ने जस्ता कुरामा जोड दिएको छ ।

## परिच्छेद-तीन : अध्ययनका विधि र प्रक्रियाहरु

### ३.१ अध्ययनका विधि तथा प्रक्रियाहरु

कुनैपनि विषयको बारेमा अध्ययन गरी निष्कर्षमा पुग्ननिश्चित प्रक्रिया र विधिहरु अवलम्बन गर्नुपर्छ । यसका लागि यस अनुसन्धानमा वर्णनात्मक तथा परिमाणात्मक तथा गुणात्मक दुवै अध्ययन विधि अपनाइएको छ ।

### ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट प्रक्रिया

सुनसरी जिल्ला, धरान उ.म.न.पा. अन्तर्गतका ३० वटा सरकारी विद्यालयबाट नमुना छनोटमा परेका ५ वटा विद्यालयका १०/१० जना शिक्षक गरी जम्मा ५० जना शिक्षकलाई नमुना जनसंख्याको रुपमा लिई यो अध्ययन गरिएको थियो ।

जस्का लागि अध्ययनलाई निष्पक्ष बनाउन Simple Random Sampling विधि अवलम्बन गरिएको थियो ।

### ३.३ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनमा तथ्याङ्क संकलन गर्नका लागि प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । जसमा अन्तरवार्ताद्वारा संकलन गरिएका तथ्याङ्कहरुलाई प्राथमिक स्रोतको रुपमा लिइनेछ भने विभिन्न लेख, साहित्य, दस्तावेज, पाठ्यपुस्तक, रिपोर्ट, अनुसन्धान प्रतिवेदन आदिलाई द्वितीय स्रोतको रुपमा लिएको थियो ।

### ३.४ तथ्याङ्क संकलन गर्ने साधकको वैधता

तथ्याङ्क संकलन गर्ने साधन अन्तर्वार्ता तालिकालाई प्रमाणीकरण तथा त्रुटीमुक्त बनाउनका लागिप्रश्नहरु तयार गरी सर्वप्रथम छनोटमा परेका विद्यालय मध्येको एक विद्यालयमा गई परिक्षण गरिएको छ । प्राप्त नतिजाको आधारमा परिमार्जन गर्नुपर्ने भएमा परिमार्जन गरी सम्बन्धित सुपरिवेक्षकलाई प्रमाणीकरण गरी उहाँको सल्लाह र सुझाव अनुसार आवश्यक सुधार गरी साधनको वैधताको स्तर निर्धारण गरिएको छ । उक्त तथ्यांक संकलनको वैधता जाँच गर्नका लागि यस अध्ययनको लागि छनोटमा परेका विद्यालय भन्दा बाहेकको विद्यालय श्री निकेतन मा.वि.मा गई प्रश्नहरु सोधेर वैधताको जाँच गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यो अध्ययन सफल पार्न प्रथम अध्ययन क्षेत्रको छनोट गरिनेछ । त्यसपछि कलेजको तथ्याङ्क संकलनको अनुमति पत्र सम्बन्धित विद्यालयहरुमा बुझाई अनुमति लिइएको छ । यस अनुसन्धानमा प्रश्नावली निर्माण गरी अन्तरवार्ता सूचिलाई तथ्याङ्क संकलनको साधनको रुपमा प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययनमा प्राप्त भएको सूचना र तथ्याङ्कहरुलाई सरल र बुझिने बनाउन तालिका, स्तम्भ चित्र र वृत चित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसैगरी केन्द्रीय तथ्याङ्क प्रवृतिका विभिन्न नापहरुको प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

## परिच्छेद चारः प्रस्तुति तथा नतिजा विश्लेषण

यस परिच्छेदमा अध्ययन अनुसन्धानका क्रममा प्राप्त भएको तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या तथा विश्लेषण गरिएको छ । यस प्रस्तुतिकरणमा धरान उ.म.न.पा. भित्र रहेका सामुदायिक विद्यालयहरुमा विद्यमान सरसफई प्रतिको धारणा, सरसफाई निति, विद्यालय वरपरको वातावरण, पिउने पानी, चमेना गृह, शौचालय, डस्नि, सेनीटरी प्याडको वितरण, कोरोना भाइरसबाट बच्न अपनाईने भौतिक पूर्वाधारहरु आदिसँग सम्बन्धित ज्ञान र सम्बन्धित तथ्याङ्गलाई विशेष महत्व दिइएको छ ।

### ४.१.१ शिक्षक तथा विद्यार्थीको सरसफाईप्रतिको धारणा

मानिस स्वच्छ, निरोगी र तन्दुरुस्त रहनका लागि आफ्नो व्यक्तिगत तथा आफू बस्ने घर, विद्यालय तथा आफ्नो वरपरको वातावरण सफा राख्नका लागि गरिने सम्पूर्ण कार्यलाई सरसफाई भनिन्छ । अझ अहिलेको परिवेशमा यति साँगुरो परिभाषाले सरसफाईको उचित परिभाषा दिन सक्दैन । सरसफाई भन्नाले शौचालयको व्यवस्थापन, प्रयोग, ढलको व्यवस्थापन, खानेपानीको उचित व्यवस्था तथा प्रयोग तथा आफ्नो वरपरको सम्पूर्ण तत्वहरु दुरुस्त रहनु नै सरसफाईको सही परिभाषा हुन्छ । जसको माध्यमद्वारा मानिसको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ ।

यस अध्ययनको क्रममा यस अध्ययनको लागि नमुना छनोटमा परेका धरान उ.म.न.पा. भित्रका सामुदायिक विद्यायहरुमा अध्ययनरत विद्यार्थी तथा अध्यापन गरिरहनु हुने शिक्षकहरुको सरसफाईप्रतिको धारणा बुझ्ने कोसिस गरिएको छ  जसमा यहाँका विद्यार्थी तथा शिक्षकहरुको सरसफाई प्रतिको धारणा सकारात्मक रहेको पाइएको छ । विद्यार्थीहरुमा पनि व्यक्तिगत सरसफाई देखि लिएर विद्यालय वरपरको वातावरण तथा आफू पढ्ने कक्षाकोठाको सरसफाईमा सकारात्मक धारणा रहेको पाइयो । त्यसैगरी शिक्षकहरुको पनि सरसफाईमा सहभागिता, विद्यार्थीहरुलाई निर्देशन साथै आफूहरुपनि स्वयं उपस्थित भई सरसफाईका कार्यक्रमहरु संचालन गर्ने गरेको पाइयो ।

### ४.१.२ विद्यालयको सरसफाई नीति

हरेक कार्य गर्नक लागि अगाडि प्रस्ट रुपमा कार्यक्रमका खाका तयार गरेर अघि बढ्न सके सफलता प्राप्त गरिन्छ यसरी कार्यक्रमका खाका तयार गर्दा निश्चित रुपमा आ-आफ्नो नीति, नियम, कानुन बनाउन जरुरी हुन्छ । यसरी के गर्ने र कसरी गर्ने भनेर अगाडि नै लिखित तथा अलिखित रुपमा बनाइ०एका नियमहरु नै नितिहरु हुन् । यस अध्ययनको लागि छनोट गरिएको विद्यालयहरुमा सतप्रतिशत विद्यालयहरुमा आ-आफ्नो सरसफाईमा नितिहरु बनाइएको पाइयो । उक्त निति अनुरुप प्रत्येक विद्यालयहरुले आ-आफ्नो तरिकाले सरसफाईका कार्यहरु संचालन गरेको पाइयो । यस अनुसन्धानको नमुना छनोटमा परेका विद्यालयहरुमा ५०५ मा विद्यालय आचारसंहिता तयार गरी समिति गठन गरी सरसफाईका कार्यहरु निरन्तर रुपमा संचालन गरेको पाइयो ।

### ४.१.३ सरसफाईमा सहभागिता

सरसफाईका लागि जतिसुकै राम्रो नीति, नियम तथा कानुन बनाएपनि मान्छेको भित्री मनदेखि सरसफाईमा चेतना भएन भने मान्छेको सहभागितामा कमी रहन्छ । यस अध्ययनको नमुना छनोटम परेका धरान उ.म.न.पा.का सरकारी विद्यालयमा विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिहरुको १००५ सहभागिता रहेको पाइयो । यसरी विद्यालयको सरसफाई गर्ने क्रममा ५०५ विद्यालयमा शिक्षक, विद्यार्थीले मात्र नभएर सरसफाईकर्मीलाई तलबमा राखेर विद्यालय वरपरको सरसफाई गर्ने तथा शौचालय र कक्षाकोठाको सरसफाई गर्ने गरेको पाइयो । त्यसैगरी २५५ विद्यालयमा आफ्नै विद्यालयका विद्यार्थीहरुलाई रोल नं. वाइज मनिटर बनाएर सरसफाईका कार्य गर्ने नियम बसालेको पाइयो साथै विद्यालयमा आफ्नै विद्यालय भित्रका शिक्षक तथा विद्यार्थीहरुको सरसफाई समिति निर्माण गरी सरसफाईमा सहभागिता गराइने गरेको पाइयो । त्यसैगरी बाँकी २५५ विद्यालयहरुमा सरसफाई गर्दा विद्यालयका विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई परिचालित गरी रेडक्रसका तर्फबाट विद्यालयमा आएर १५/१५ दिनमा सरसफाईका अभियान संचालन गर्ने गरेको पाइयो ।

### ४.१.४ विद्यालय वरपरको वातावरण

वातावरण भन्नाले हाम्रो वरपरको सम्पूर्ण वस्तु, तत्व तथा जीवहरु पर्दछन् । वातावरणमा विभिन्न जैविक तथा अजैविक, प्राकृतिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक कृयाकलापहरु पर्दछन् । यी सम्पूर्ण तत्व तथा अवयवहरुको अन्तरसम्बन्ध नै वातावरण हो । हाम्रो वरपरको वातावरण स्वच्छ हुनुपर्दछ । वातावरण स्वच्छ हुनु भनेको यसको असली रुप जस्ताको तस्तै हुनुलाई मानिन्छ । यसको असली रुपमा तलमाथि भएमा वातावरण प्रदुषण भएको मानिन्छ ।

यस अध्ययनको नमुना छनोटमा परेको विद्यालयहरुको विद्यालय वरपरको वातावरण समग्रमा भन्नुपर्दा सन्तोषजनक नै रहेको पाइएको छ । खाजाघर, विद्यालयको फुलबारी आदिलाई अवलोकन गर्दा आशातित रुपमा सफा नै रहेको पाइएको छ । शतप्रतिशत रुपमा नभएपनि यतिसम्मको सरसफाईलाई सकारात्मक नै लिन सकिन्छ । शिक्षक-विद्यार्थी, वि.व्य.स. आदिको निरन्तरको प्रयासको प्रतिफलस्वरुप यहाँका विद्यालयहरुको भौतिक, सामाजिक, सांस्कृतिक तथा जैविक वातावरण सफा नै रहेको पाइयो ।

### ४.१.५ विद्यालयमा पिउने पानीको अवस्था

यस अध्ययनका लागि नमुना छनोटमा परेका धरान उ.म.न.पा.का सरकारी विद्यालयहरुमा पिउनेपानीको अवस्था निम्न प्रकार रहको पाइएको छ ।

**तालिका नं. १**

| विद्यालयमा पानीको अवस्था | % |
|---|---|
| विद्यालयमा पिउने पानीको व्यवस्था | १०० |
| पानीको श्रोत फिल्टर जडित धारा | ९५ |
| धारा तथा अन्य | ५ |
| दिनभरी पानीको पर्याप्तता | |
| - धारामा पानी आएमा | ९५ |
| - धारामा पानी नआएमा | ५० |

माथिको तालिकामा देखाइए अनुसार यस अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा पिउने पानीको व्यवस्था शतप्रतिशत रहेको पाइयो । त्यसैगरी पानीको श्रोतमा फिल्टर जडित धाराद्वारा

पानी उपलब्ध हुने ९५५ रहेको छ र टंकीमा फिल्टर जडान बाहेकका अन्य श्रोतमा ५५ रहेको छ । विद्यालयमा दिनभरी पानीको पर्याप्तताको प्रतिशत यस ठाउँमा आउने मुख्य पानीको श्रोत धाराको पानी कति महिना राम्ररी आउँछ भन्ने कुरामा निर्भर पर्दछ । धारामा पानी बाह्रै महिना आएमा पानीको उपलब्धता पनि सहज रुपमा ९५ प्रतिशतमा पुग्दछ भने पानी कम आउने र सुख्खा मौसममा भने पानीको पर्याप्तताको प्रतिशत ५०% मा रहने गरेको छ । यस्ले गर्दा विद्यार्थी तथा कर्मचारीहरु जथाभावि रुपमा वरपरका पसलमा गएर पानी पिउने गरेको पाइयो । सुख्खा याममा धरानमा पानीको आपूर्ति कम हुन्छ । यो समयमा विद्यालयहरुले वैकल्पिक स्रोत जस्तै ट्याङ्करबाट पानी ल्याएर आपूर्ति गर्न सक्थ्यो । तर विद्यालयहरुले यस्तो प्रयास गरेको देखिदैन ।

### ४.१.६ चमेना गृहको अवस्था

विद्यालय स्तरमा पढ्ने विद्यार्थीहरुको लागि बिहानको समय एकदमै व्यस्त हुने गर्दछ । हत्तार हत्तारमा तयारी भएर विद्यालय पुग्नु पर्ने हुँदा घरमा खाना खान राम्ररी पाउँदैनन् । हत्तारमा खाएर गएको हुनाले दिनभरी त्यस खानाले उनीहरुलाई थाम्न सक्दैन । विद्यालयमा गएर पठनपाठनमा ध्यान दिएर बस्नु पर्ने हुँदा भनेको समयमा आफूखुसी खाजा खान पाउँदैनन् । त्यसकारण विद्यालयमा अनिवार्य रुपमा चमेना गृहको स्थापनमा हुनुपर्दछ । यसरी विद्यालयम आफ्नै चमेनागृह भयो भने विद्यार्थीले फुर्सदको समयमा अथवा टिफीन भएको समयमा खाजा खान पाउँदछन् । यस अध्ययनको लागि नमुना छनोटमा परेका धरान उ.म.न.पा.का सामुदायिक विद्यालयहरुमा चमेना गृहको अवस्था कस्तो रहछ भनेर प्रश्नहरु बनाई यसको उत्तर खोज्ने प्रयास गरिएको थियो । यस क्रममा यहाँका सामुदायिक विद्यालयमा ५०% मा विद्यालयको हातभित्र आफ्नै चमेना गृह रहेको पाइयो र बाँकी ५०% मा चमेना गृह नभएको र खाजाको लागि विद्यार्थीहरुले कि घरबाट खाजा लिएर खानुपर्ने कि विद्यालय हाता बाहिर गएर खाजा खानुपर्ने बाध्यता रहेको पाइयो ।

यस अध्ययनको अनुसन्धानका क्रममा किन त विद्यालय हाताभित्र खाजाघर नभएको भनेर जिज्ञासा राख्दा कतिपय विद्यालयमा सरकारी योजनामा परेको तर कोरोनाको महामारी सुरु भएर चमेना गृह निर्माण तथा संचालनमा ढिलाई भएको जवाफ आएको छ । यसको लागि अब चाँडै यो कोरोना महामारी पश्चात काम शुरु भएर खाजा घर संचालनमा आउने देखिन्छ । यसै गरी विद्यायमा भएको चमेना गृहको सरसफाईको कुरा अनुसन्धान गर्दा उक्त

अध्ययन क्षेत्रका विद्यालय हाताभित्र रहेका चमेना गृहको सरसफाई उत्कृष्ट र मध्यम स्तरको सरफाई भएको कुरा अध्ययनमा भेटियो । यस अध्ययनको चमेना गृहको उपलब्धता र सरसफाईलाई निम्न प्रकार प्रस्तुत गरिएको छ ।

**चित्र नं. २**

| चमेना गृहको अवस्था | % |
|---|---|
| **चमेना गृह संचालित विद्यालय** | **५०** |
| **चमेना गृह संचातिल नभएका विद्यालय** | **५०** |
| **चमेना गृहको सरसफाई** | |
| **- मध्यम** | **९५** |
| **- सफा** | **५५** |

माथिको चित्रमा विद्यालय चमेनागृह भएको ५०% चमेना गृह नभएको ५०% चमेना गृहको राम्रो सरसफाई भएकोमा ५५ र मध्यम सरसफाई भएकोमा ९५% रहेको पाइयो । यसरी सबै विद्यालयहरुमा चमेना गृह नहुँदा वरपरको पसलहरु खाजा खान जानु पर्ने बाध्यताले स्वस्थ्य खानेकुरा नहुन सक्दछ । साथै चमेना गृह भएका विद्यालयहरुमा पनि उचित सरसफाइमा नहुँदा यसले विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्यमा गंभिर असर पुऱ्याइ रहेको प्रष्ट हुन्छ ।

### ४.१.७ शौचालयको अवस्था

विद्यालयको लागि शौचालय एकदमै महत्वपूर्ण कुरा हो । हरेक समाज, विद्यालय, संघ-संस्था आदिमा मानव मल-मूत्रको व्यवस्थित विसर्जन गर्नका लागि शौचालय महत्वपूर्ण विषय हो । यस अध्ययनका लागि नमुना छनोटमा परेका धरान उ.म.न.पा.का सामुदायिक विद्यालयमा शौचालयको अवस्था एकदम राम्रो भएको पाइयो । प्रत्येक विद्यालयमा छात्रा शौचालय सहितको धारा जडित वाटरसिल चर्पी रहेको पाइयो । यसैगरी विद्यालयका शौचालयमा ७५% मा सेफ्टीक टैंकी जडान गरिएको पाइयो भने २५% रि॰वाला टैंकी भएको पाइयो । यसरी विद्यालयमा उपलब्ध शौचालयको सरसफाईमा कम्तीको ध्यान दिइएको रहेछ भनी अनुसन्धान गर्दा प्राय: ५०% विद्यालयहरुमा शिक्षक, विद्यार्थी, सफाईकर्मी आदिले शौचालय सरसफाईमा

ध्यान पुऱ्याएको पाइयो भने ५०% विद्यालयमा तलबमा सफाई कर्मचारी राखेर शौचालय सरसफाई गर्नेगरेको पाइएको छ । उक्त कुरा निम्न प्रकार प्रस्तुत गरिएको छ,

**चित्र नं. ३**

| शौचालयको अवस्था | % |
|---|---|
| विद्यालयमा पक्की शौचालय | १०० |
| धारा जडित शौचालय | १०० |
| सेफ्टी टंकी भएको | ७५ |
| रिङ्ग भएको टैंकी | २५ |

माथिको तालिकामा विद्यालयमा शौचालयको अवस्थाको हेर्दा शत प्रतिशत नै पक्की शौचाय भएको पाइयो । त्यसैगरी शौचालयमा धाराजडित विद्यालय १००%, सेफ्टी टैंकी भएको विद्यालय ७५% रिङ टैंकी भएको विद्यालय २५% रहको पाइयो । त्यसैगरी छात्राहरुको लागि छुट्टै शौचालय हुने विद्यालयहरु पनि १००% नै रहेको पाइयो । तथापि रिङ टैंकीलाई स्वास्थ्यका हिसाबले सुरक्षित मानिदैन । यस्ले विद्यालयको हाताभित्र मात्र नभएको बाहिरको वातावरणलाई समेत दुषित बनाएको हुन्छ । विद्यालय व्यवस्थापनले यस्तर्फ ध्यान नदिएको देखिएको छ ।

### ४.१.८ सेनीटरी प्याड वितरणको अवस्था

अधिकांश छात्राहरु विद्यालयकालमा नै प्रथम महिना महिनावारी चक्रको समस्याबाट अघि बढ्नुपर्ने हुँदा नेपाल सरकारले हाल आएर विद्यालयका छात्राहरुलाई निःशुल्क सेनीटरी प्याडको वितरण गर्ने योजना कार्यान्वयनमा ल्याएको छ । यसै योजनालाई कार्यान्वयन गर्ने क्रममा सरकारी विद्यालयहरुले कार्यान्वयन गर्दै छन् कि छैनन् भन्ने कुरा अनुसन्धान गर्दा शतप्रतिशतमा छात्राहरुलाई निःशुल्क सेनीटरी प्याड वितरण भएको पाइयो । यसरी विद्यालयमा निःशुल्क रुपमा वितरण गर्ने भनिएको सेनीटरी प्याड ५०% विद्यालयमा रेडक्रसले उपलब्ध गराउने गरेको र बाँकी ५०% विद्यालयहरुमा विद्यालय आफैं र विभिन्न संस्थाद्वारा उपलब्ध गराउने गरेको पाइयो । यसरी सेनिटरी प्याड वितरण गर्दा उक्त अध्ययन क्षेत्रका विद्यालयमा एउटा विद्यालयमा चाहिँ सेनिटरी प्याड मेसिनद्वारा निकाल्न मिल्ने सिस्टम पनि भेटिएको छ ।

यसरी निःशुल्क वितरीत सेनिटरी प्याडको प्रयोग पछि व्यवस्थापन गर्ने विषयमा ५०% विद्यालयले आफैं विद्यालय हाताभित्र जलाएर व्यवस्थापन गर्न गरेको पाइयो भने ५०% मा नगरपालिकाको फोहोर व्यवस्थापन गर्ने गाडीमा दिएर व्यवस्थापन गर्ने गरेको पाइयो । उक्त कुरा निम्न प्रकार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४**

| सेनीटरी प्याडको व्यवस्था | % |
|---|---|
| सेनीटरी प्याड निःशुल्क वितरण | १०० |
| रेडक्रसद्वारा उपलब्ध | ५० |
| विद्यालय र अन्य संस्थाद्वारा उपलब्ध | ५० |
| प्रयोग भएका प्याड व्यवस्थापन | |
| - आफैं जलाएर | ५० |
| - नगरपालिकाको फोहोर व्यवस्थापनलाई दिएर | ५० |

पछिल्लो समय शैक्षिक संस्थाहरुमा सेनिटरी प्याड अनिवार्य गराउनका लागि गैरसरकारी तर्फबाट पनि व्यापक पहल भएका कारण हाल प्रायि निजी तथा सरकारी विद्यालयहरुमा समेत यसको उपलब्धता सहज भएको छ । यसले विद्यार्थीहरुको प्रज्जनन् स्वास्थ्य लगायत विद्यालय हाजिरी र सिकाइमा सकारात्मक असर पुर्‍याएको छ ।

### ४.१.९ विद्यालयमा डस्विनको प्रयोग

विद्यालयमा उत्पादित बेस फोहोरमैला व्यवस्थापन गर्नका लागि डस्टबीनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । डस्टबिनको सहयोगद्वारा ठोस फोहोर संकलन गरी स्थायी रुपमा वयवस्थापन गर्न अति सजिलै हुने गर्दछ । यस अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयहरुमा डस्टबिनको अवस्था निम्न प्रकार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४**

| डस्टविनको अवस्था | % |
|---|---|
| विद्यालयमा डस्टबीनको सुविधा | १०० |
| ठोस फोहोरलाई नछुट्याई एकै ठाउँ हाल्ने | १०० |

माथिको चार्टमा विद्यालयमा शतप्रतिशत डस्टबिनको उपलब्धता र प्रयोग भएको पाइए पनि ठोस फोहोरमा पनि जैविक र अजैविक फोहोर नछुट्याई एकै ठाउँमा लाउनेमा पनि १००%विद्यालयले एकै ठाउँमा फोहोर फाल्ने गरेको पाइयो । यसले गर्दा फोहोर व्यवस्थापनमा समस्या उत्पन्न हुने र वातावरणमा दिर्घकालिन असर पुऱ्याइरहेको हुन्छ । समाजमा सभ्य, चेतनशिल र जिम्मेवार नागरिक उत्पादन गर्ने भनिएका विद्यालयहरुले नै यसतर्फ ध्यान नदिनु विडम्बना हो ।

### ४.१.१० विद्यालयमा कोरोना भाईरसबारे धारणा

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ अर्थात कोरोना भाईरसको बारेमा ज्ञान हुन अति महत्वपूर्ण कुरा भएको छ । यो भाइरसका कारण अढाइ वर्षदेखि विद्यालय ठप्प भएको अवथा छ । दिनदिनै यो भाइरसको महामारी कम होला भन्दै गयो अझ नयाँ नयाँ स्वरुपको भाईरस आएको आयै छ । अब यस्तो अवस्था कतिन्जेल रहन्छ भनेर भन्ने अवस्था छैन । यस्तो महामारीको रुपमा भएको सरुवा रोगको बारेमा सर्वसाधारण सबैले जान्न अत्यन्त जरुरी भएको छ भने अझ विद्यालय त चेतनाको सम्वाहक नै भएको हुँदा विद्यालयमा अध्यापन गराउनु हुने शिक्षक तथा अध्ययन गर्ने विद्यार्थी सबैले यसको बारेमा अझ धेरै ज्ञान, चेतना हासिल गरी सकारात्मक धारणा बनाउन जरुरी देखिन्छ ।

यसै क्रममा यस अध्ययनका लागि नमुना छनोटमा रहेका धरान उ.म.न.पा. भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुको कारोना भाइरसबारे धारणा सकारात्मक रहेको पाइयो । शिक्षकहरुमा कोरोना भाइरसको उत्पत्तिदेखि लिएर यसको फैलावट, यसको नियन्त्रण तथा रोकथामका लागि के कस्ता उपायहरुअवलम्बन गर्ने भन्ने कुराको ज्ञान भएको पाइयो । यसैगरी जुनसुकै अवस्थामा यो ज्ञान विद्यार्थी मार्फत समाजमा चेतना फैलाउन तत्पर रहेको पाइएको छ ।यसलाई आम रुपमा राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा भएको जनचेतना तथा

सुचनाहरुबाट शिक्षकहरु सुसुचित भएको भन्न सकिन्छ । तथापि व्यवहारिक अभ्यासमा भने कतिपय कुराहरुलाई कार्यन्वयनमा नल्याएको पाइएको छ ।

### ४.१.११ कोरोना भाइरस नियन्त्रणका कार्यक्रमहरु

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको नियन्त्रण गरी यसको जोखिमबाट बच्नका लागि विद्यालयमा विभिन्न कार्यक्रमहरु गरी विद्यार्थीबीच चेतना फैलाउने कार्य गरेको पाइयो जुन कुरा निम्न प्रकार प्रस्तुत गरिएको छ :

**चित्र नं. ६**

| सेनीटाइटरको उपलब्धताको अवस्था | % |
|---|---|
| मास्क तथा सेनीटाईजरको उपलब्धता | १०० |
| हात धुने साबुन पानीको व्यवस्था | १०० |
| चेतनामूलक कार्यक्रम | |
| - प्रार्थना समयमा चेतनामूकल सूचनाद्वारा | ५० |
| - कक्षाकोठामा शिक्षकद्वारा चेतनाद्वारा | ४० |
| - इन्टरनेटतथा चित्रद्वारा कार्यक्रम प्रदर्शन | ५ |

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका नमुनामा परेका विद्यालयहरुमा कोरोना भाईरसको नियन्त्रण तथा यसबाट बच्न अपनाईने उपायहरु विदालयको प्रांगडमा प्रार्थनाको समयमा चेतनामूलक सूचना र सन्देशहरु प्रस्तुत गरेर जानकारी दिने विद्यालयहरुमा ५०% र कक्षाकोठामा विषयशिक्षक, कक्षाशिक्षकले आ-आफ्नो परियिडमा चेतनामूलक सन्देशद्वारा विद्यार्थीलाई जानकारी दिनेमा ४०% प्रतिशत रहेको छ । त्यसैगरी टि.भी.मा कार्यक्रम प्रदर्शन र इन्टरनेटको माध्यमद्वारा जानकारी गराउने विद्यालयमा ५% रहेको पाइएको छ ।

पछिल्लो समय सरकारले आम रुपमा मास्क लगाउन र हात धुनेका लागि चेतनामूलक कार्यक्रमहरु ल्याएकाले विद्यालयहरुले पनि यसलाई अवलम्बन गरेको पाइयो । तथापि चेतना अभिवृद्धि गर्ने मुख्य जिम्मेवार संस्था विद्यालयहरुले जनचेतनाका कार्यक्रमप्रति त्यति चासो राखेको पाइएन ।

### ४.१.१२ सरसफाईको अभ्यासमा देखा परेका समस्याहरु

यस अध्ययनको लागि नमुना छनोटमा परेका धरान उ.म.न.पा.का सामुदायिक विद्यालयहरुमा सरसफाईको अभ्यासमा देखा परेका समस्याहरु निम्न प्रकार रहेका छन्,

**तालिका नं. ७**

| खानेपानीको अवस्था | % |
|---|---|
| खानेपानीको समस्या | ५० |
| खाजाघरको समस्या | २० |
| चेतनाको अभाव | ५ |
| शत प्रतिशत सहभागितामा कमी | ३ |
| निर्देशनको पालनामा समस्या | २ |
| भौतिक पूर्वाधारको संरक्षणमा समस्या | २० |

माथिको तालिकालाई विश्लेषण गर्दा यस अध्ययनको लागि नमुना छनोटमा परेका विद्यालयहरुमा सरसफाईको अभ्यासमा देखा परेका समस्याहरुमा ५०% खानेपानीको अभाव रहेको पाइएको छ । त्यसैगरी २०% विद्यालयहरुमा विद्यालयको आफ्नै खाजाघर नभएकोले समस्या देखा परेको पाइयो । ५% मा सफासुग्घर रहनुपर्छ भन्ने चेतनाको कमी, ३% मा सरसफाईको समयमा सहभागी नहुने, भाग्ने, छलिने, बिरामी भएको अभिनय गर्ने गरेको पाइयो । त्यसैगरी २% मा विद्यालयले जारी गरेको निर्देशन पालना नगर्ने, नटेर्ने, दादागिरी देखाउने आदि समस्या देखिएको छ भने २०५ मा विद्यालयको भौतिक पूर्वाधारको क्षति गर्नु, धारा भाच्ने, डस्टबिन फुटाउने, विद्यालयको जतातत‍ै फोहोर फ्याँक्ने भित्ता फोर्ने, सूचना पाटीहरु दुलो पार्ने, साबुन, सेनीटाइजर आदिको अनावश्यक प्रयोग गर्ने आदि समस्या देखा परेको छ ।

## ४.२ मुख्य प्राप्तिहरु

धरान उ.म.न.पा.मा रहेका सामुदायिक विद्यालयहरुमा सरसफाई अभ्यास तथा कोभिड विरुद्धका अभ्यासहरु सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त नतिजाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ

क. यस अध्ययनको लागि छनोट गरिएका विद्यालयहरुमा शिक्षकहरुको सरसफाई सम्बन्धी धारणा एकदम सकारात्मक देखियो ।

ख. यस अध्ययनका लागि नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुमा केही मात्रामा आ-आफ्नो सरसफाई नीति निर्माण गरी कार्यान्वयन गर्ने गरेको पाइयो ।

ग. यस अध्ययनका लागि नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरु सरसफाईको लागि सहभागिता जनाउने गरेको पाइयो ।

घ. यस नमुना छनोटमा परेको विद्यालयमा धारामा पानी आउने मौसममा पिउने पानीको अवस्था सन्तोषजनक रहे पनि पानी नआउने समयमा पानीको पर्याप्तता सन्तोषजनक नरहेको पाइयो ।

ङ. केही विद्यालयहरुले पानी टंकीमा फिल्टर गरेर धारा जडान गरी पिउने पानीको व्यवस्था गरेको पाइयो ।

च. यस अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयहरुमा विद्यालयको आफ्नै चमेना गृह भएको सबैमा नभएको पाइयो । र, भएकाम पनि पर्याप्त सरसफाइ नभएको पाइयो । तसर्थ कतिपयले बाहिर गएर खाने गर्नाले स्वस्थताको ग्यारेन्टी नभएको पाइयो । त्यस्तै कतिपय विद्यार्थीले घरबाट खाजा ल्याएर खाने गरेको पाइयो ।

छ. यस अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा शौचालयको राम्रो व्यवस्था भएको पाइयो । १००% विद्यालयमा नै पक्की शौचालय भएको, शौचालयमा धारा जडित पानीको सुविधा भएको १००%, सेफ्टी टंकी भएको २५% र छात्राको लागि छुट्टै शौचालय सुविधा पनि १००% नै रहेको पाइयो ।तथापि सेफ्टी ट्याक्कीको उचित व्यवस्थापन नभएको पाइयो ।

ज. हरेक विद्यालयले आफ्नो विद्यालयमा निःशुल्क रुपमा सेनिटरी प्याडको सुविधा दिएको पाइयो र यो सेनिटरी प्याड उपलब्ध गराउने संस्था रेडक्रसले ५०% विद्यालयमा उपलब्ध गराउँदै आएको पाइयो । त्यसैगरी अन्य संघ-संस्था र विद्यालय आफैंले निःशुल्क रुपमा सेनीटरी प्याड उपलब्ध गराउनेमा ५०% रहेको पाइयो ।

झ. यस अध्ययनको लागि नमुना छनोटमा परेको विद्यालयहरुमा डस्टबिनको सुविधा भएतापनि जैविक र अजैविक फोहोर नछुट्याई एकैठाउँ फोहोर फाल्ने गरेको पाइयो ।

ञ. यस अध्ययन क्षेत्रमा रहेका शिक्षकहरुको कोरोना भाइरसबारे ज्ञान अति राम्रो पाइयो, यो रोग र यसबाट बच्न मास्क र हात धुने व्यवस्था गरेको पाइयो ।

## परिच्छेद पाँचः सारांश, निष्कर्ष र सुझावहरु

### ५.१ सारांश

प्रस्तुत शोधपत्र धरान उ.म.न.पा. भित्र रहेका सामुदायिक विद्यालयहरुमा सरसफाई अभ्यास तथा कोभिड-१९ विरुद्धका प्रष्यासहरुमा माग सीमित रहेको छ। धरान उ.म.न.पा.मा रहेका ३० सामुदायिक विद्यालयहरुमध्ये नमुना छनोटमा परेका ५ वटा विद्यालयका १०/१० जना शिक्षकहरुमा गरिरएको अध्ययन भएतापनि यस्तै परिवेश्मा रहेका नेपालका अन्य ठाउँका विद्यालयहरुको नमुना अध्ययनको रुपमा लिन सकिन्छ। यो शोध अनुसन्धानको उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रमा स्थलगत सर्वेक्षण गर्ने कार्य सम्पन्न भयो । यो अध्ययन केवल अध्ययन क्षेत्रका विद्यालयहरुमा सरसफाई सम्बन्धी अभ्यास कस्तो रहेको छ ? विद्यालयमा सरसफाईका भौतिक उपलब्धता कस्तो छ ? विद्यालयमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुको सरसफाईमा सहभागिता कस्तो रहेको छ ? कोभिड-१९ विरुद्धका प्रयासहरु के-कस्तो रहेको छ ? कोरोना विरुद्धका लागि सुरक्षित उपायहरुको उपलब्धता कस्तो रहकों छ ? आदि कुराको ज्ञान पत्ता लगाउनु रहेको छ।

यस अनुसन्धानका लागि विभिन्न तथ्याङ्क संकलन गर्दा सामान्य सम्भावना विधि अन्तर्गतको नमुना छनोट विधि अपनाइयो । प्राथमिक श्रोत अन्तर्गत अवलोकन, जानकार व्यक्तिहरुसँग अन्तरवार्ता र द्वित्तीय श्रोत अन्तर्गत सरकारी र गैर सरकारी प्रकाशन सामाग्रीहरु विभिन्न व्यक्तिका लेखहरु विभिन्न पत्रपत्रिकामा विभिन्न समयमा प्रकाशित विद्युतीय लेखहरु, विभिन्न विद्यालयका कार्यविधिहरु प्रयोग गरियो । यस्ता तथ्याङ्कहरु अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको स्वास्थ्य सम्बन्धी विभिन्न पक्षहरुको सम्बन्धमा तथ्याङ्क प्राप्त गरियो । अनुसन्धानमा क्रममा प्राप्त गरिएको तथ्याङ्कहरुलाई सरल भाषाशैलीको प्रयोग गरी आवश्यकता अनुसार धरान उ.म.न.पा. भित्रका नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुको राम्ररी अवलोकन गरी तथ्यांकलाई विभिन्न तालिकामा तालिकिकरण गरी व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ।

यो शोधपत्र तयार पार्ने क्रममा विभिन्न साहित्यको पुनरावलोकन गरी तयार पारिएको छ । यस विषयवस्तुसँग सम्बन्धित साहित्य, लेख, रचना, तथ्यांक अनुसन्धान आदिलाई सकेसम्म खोजी गरी अनुसन्धानलाई गुणात्मक बनाउने कोशिस गरिएको छ । साहित्यको

पुनरावलोकनका लागि विभिन्न पुस्तक, अप्रकाशित शोधपत्र, विभागका प्रकाशित तथ्याङ्क, अनलाईन रिपोर्टहरु आदिको सहयोग लिई तयार पारिएको छ ।

यस शोधपत्रको तथ्यांक संकलन पश्चात डाटाहरुलाई विश्लेषण गर्दा धरान उ.म.न.पा. एक सुन्दर शहर रहेको र यहाँका सामुदायिक विद्यालयहरु अन्य भेगका सरकारी विद्यालयभन्दा सरसफाईमा सकारात्मक नै रहेको भेटियो । यहाँका अधिकांश विद्यालयहरुमा सरसफाईको लागि कार्यक्रम, अभियान संचालन गर्ने गरेको पाइयो । विद्यालयमा आवश्यक भौतिक पूर्वाधारहरुको अवस्थापनि राम्रो रहेको पाइयो । विद्यालयमा खानेपानीको व्यवस्था डस्टबिनको व्यवस्था, शौचालय, छात्रा शौचालय, छात्राको लागि सेनीटरी प्याडको निःशुल्क वितरण आदि पक्षहरु पनि राम्रो रहेको पाइयो । सरसफाइका लागि विद्यार्थी, शिक्षक तथा समुदायको सहभागिता पनि सकारात्मक भेटियो । विद्यालयमा ५०% विद्यालयमा आफ्नै विद्यालय हाताभित्र चमेना गृहको व्यवस्था भएको पाइयो ।

हाल विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को बारमा बुझ्नका लागि विद्यालयको शिक्षकहरुसाग अन्तरवार्ता लिइएकोमा सबै विद्यालय शिक्षकहरुको यस सम्बन्धी राम्रो ज्ञान भएको र कोभिड-१९ बाट बच्न अपनाईने सुरक्षाका मापदण्डहरु अपनाउने गरेको पाइयो । विद्यालयमा साबुन पानीले हात धुने वयवस्था, मास्क, सेनीटाइजरको व्यवस्था पनि रहेको पाइयो । भौतिक दुरी कायम गर्ने विषयमा चाहिँ सरकारी विद्यालयमा विद्यार्थी चाप अत्यन्त रहेकाले भौतिक संरचनाले धान्न नसक्ने राय प्रस्तुत गरेको पाइयो ।

## ५.२ निष्कर्ष

धरान उ.म.न.पा. भित्र रहेका “सामुदायिक विद्यालयहरुमा हुने गरेको सरसफाई अभ्यास र कोभिड-१९ विरुद्धका प्रयासहरु” शिर्षकमा अनुसन्धान गर्न नमुना छनोटमा परेका विद्यालयहरुमा अनुसन्धान गर्दा निम्न निष्कर्षहरु पाइयो ।

- धरान उ.म.न.पा.मा जम्मा ३० वटा सरकारी विद्यालय र नमुना छनोटमा परेका विद्यालयमा जम्मा १०६ जना शिक्षकहरु रहेकोमा १०/१० जना गरी ५० जनालाइ नमुनामा लिइएको छ ।
- विद्यालयमा सरसफाई अभ्यास प्रति धारणा सकारात्मक र नीति निर्माण गरी कार्यान्वयन गर्ने तथा सरसफाई अभियान मार्फत विद्यालयको सरसफाईमा विशेष ध्यान दिने गरेको गरेको पाइयो ।

- अधिकांश विद्यालयमा खाने पानीको व्यवस्था, शौचालयको व्यवस्था, चमेना गृहको व्यवस्था रहेको पाइयो ।
- विद्यालयमा फोहोरमैला संकलन गर्ने डस्टबीनको उपलब्धता र प्रयोग, छात्रालाई सेनीटरी प्याडको व्यवस्था र प्रयोगपछि व्यवस्थापनमा जोड दिएको पाइयो ।
- विद्यालयमा सरसफाई कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी र अन्य संस्थाले पन सहभागिता जलाउने गरेको पाइयो ।
- विद्यालयमा कोरोनाबाट बच्नका लागि अपनाइने भौतिक सामाग्रीहरुको राम्रो प्रबन्ध भएको पाइयो ।
- विद्यार्थीहरुलाई कोरोना रोगको महामारीबाट बच्न विभिन्न कार्यक्रम, चित्र प्रदर्शन, कर्तव्य आदिद्वारा चेतना फैलाउने गरेको पाइयो ।

## ५.३ सुझाव

यस शोधपत्र तयार गर्नका लागि धरान उ.म.न.पा. भित्रका सामुदायिक विद्यालयहरु मध्ये नमुना छनोटमा परेका विद्यालयहरुको अवलोकन गरी विश्लेषण गर्दा निम्न सुझावहरु दिइएको छ :

- धरान एक सुन्दर नगरका रुपले चिनिने भएकाले यस क्षेत्रमा भएका विद्यालयहरुले अहिलेको अवस्था जे जस्तो छ त्यसमा मात्र भर नपरी विद्यालयलाई अझ सफा, सुग्घर र चिटिक्क पार्न जरुरी छ ।
- धरानमा प्राय पिउने पानीको श्रोत भरपर्दो नरहेकोले सुख्खा मौसममा पानीको अभाव हुने गरेकोले यसका लागि विद्यालयले वैकल्पिक उपाय अपनाई पिउने पानीको व्यवस्था गर्न जरुरी छ ।
- शौचालयको व्यवस्था भएपनि उचित सरसफाई नहुँदा दुर्गन्धीत बन्ने गरेकोमा हरेक विद्यार्थीहरु स्वतः शौचालय सफा राख्न प्रेरित गर्ने खालका कार्यक्रम लगाउने तथा अन्य सरसफाईका उपाय अपनाउनु पर्ने देखिन्छ ।

- सामुदायिक विद्यालयमा प्राय गरिब जनताका छोराछोरीहरु पढ्न आउने हुँदा उनीहरुको अवस्थालाई मध्यनजर राख्दै आफ्नै विद्यालय हाताभित्र सहुलियत दरमा खाजा खाने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- डस्टबिनको प्रयोग गर्दा जैविक अजैविक फोहोर छुट्याउनका लागि रातो र हरियो डस्टबिनको व्यवस्था गरी विद्यार्थीलाई प्रयोग गर्न उत्प्रेरित गर्ने, यसो गर्दा जैविक फोहोरबाट विद्यालयको बगैंचामा मल बनाई प्रयोग गर्न सकिन्छ ।
- विद्यार्थीहरुलाई विभिन्न प्रकारका कार्यक्रम संचालन गरी सरसफाईमा जागरुक गराई आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्ने उत्प्रेरित गर्नुपर्ने ।
- विद्यालयमा विद्यार्थीलाई मास्क सेनिटाइजरको प्रयोग गर्न उत्साहित पार्ने तथा बारम्बार हात धुने बानी बसाउनु पर्ने देखिन्छ ।
- कोभिड-१९ बाट बच्दै कक्षा संचालन गर्दा विद्यार्थी चापलाई मध्यनजर गर्दै विद्यालय खोल्ने समय पालो सिस्टममा जान जरुरी छ जसको कारण भौतिक दुरी कायम गरी विद्यालयका कक्षाकोठाहरुमा नै कक्षा संचालन गर्न सकिन्छ ।

# सन्दर्भसूची


अधिकारी नवदुर्गा, (२०७६), मुस्लिम समुदायका प्रजनन् उमेरका महिलाहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्बन्धी एक अध्ययन

मोक्तान सन्जिला, (२०७७), कोभिड-१९ ले नेपालको विद्यालय शिक्षकमा के प्रभाव पार्‍यो ? के सिकायो ? २८ फाल्गुन

ग्ल्क्ष्भ्ँ, (१९ मे २020),सुरक्षित तवरले विद्यालय पुनः सञ्चालनका लागि नयाँ मार्ग निर्देशनहरु

थापा लोकबन्धु, (२०७८), कोभिड-१९ को विद्यालय शिक्षामा प्रभाव

अनलाइन खबर, (२०७६), सामुदायिक विद्यालयका छात्रालाई सेनीटरी प्याड निःशुल्क

सेनीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६

ग्रामिण खानेपानी आपूर्ति तथा सरसफाई नीति, २०६०

युनिसेफ नेपाल, (३० मे, २०१९), व्यक्तिगत सफाई, स्वास्थय बालबालिका

नेपाल समाचार पत्र विद्यालयको सरसफाईमा सुधार - २५ पुष, २०७५

ठारीकाध गा.पा.को पूर्ण सरसफाई कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६

शाह जीतबहादुर, विद्यालय सरसफाईमा तारे अवधारणा, २०७८

Unicef Nepal खानेपानी तथा सरसफाई, २०१८

विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७

विद्यालय क्षेत्र सुधार योजना, २०६६-०७२

महोत्तरी पोष्ट, (२०७६), सामुदायिक विद्यालय

बेबारी नगरपालिका खानेपानी, सरसफाई तथा स्च्छता कार्यविधि, २०७४

ADB Project Result, नेपालमा सफा पानीले स्वस्थ्य सुधार्दै, अप्ठेराहरु पन्छाउँदै, ४ मे २०१५

विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि (दोश्रो संस्करण २०७५)

## अन्तर्वार्तासूची

नाम थर : ........................................... लिङ्ग : ..........

ठेगाना : ........................................... जाति : .........

विद्यालयको नाम.................................. अध्ययन तह............

१. तपाईं कति कक्षालाई पढाउनुहुन्छ ?

........................................................................................................

२. तपाईंको विद्यालयमा सरसफाई कसरी गर्नुहुन्छ ?

........................................................................................................

३. तपाईंको विद्यालयमा डस्बीनको सुविधा छ कि छैन ?

क. छ ख. छैन

४. डस्बीनमा कस्ता फोहोरमैलाहरु लगाउने गर्नुहुन्छ ?

क. प्लाष्टिक मात्र ख. कागज मात्र ग. सबैप्रकारका फोहोर

५. तपाईंको विद्यालयमा सरसफाई गर्दा विद्यालयका सहायकले मात्र गर्दछन् की विद्यार्थी शिक्षकहरुले पनि गर्ने गर्नुभएको छ ?

क. सहायकले मात्र ख. विद्यार्थीले पनि

६. तपाईंहरु आफ्नो कक्षाकोठाा कसरी सफा राख्नुहुन्छ ?

क. प्लाष्टिक कागज डस्बीनमा लाएर ख. बढारेर

७. तपाईंको विद्यालयमा पिउने पानीको व्यवस्था छ कि छैन ?

क. छ ख. छैन

८. पिउने पानीको व्यवस्था के को छ ?

क. फिल्टर गरेको ख. धाराबाट सिधै ग. जारको पानी

९. विद्यालयमा भएको पानीले सबैलाई दिनभरी खान पुग्छ कि पुग्दैन ?

क. पुग्छ ख. पुग्दैन

१०. तपाईंको विद्यालयमा सौचालयको व्यवस्था छ कि छैन ?

क. छ ख. छैन

११. तपाईंको विद्यालयमा कस्तो प्रकारको शौचालय छ ?

क. पक्की ख. कच्ची

१२. शौचालयमा पानीको व्यवस्था छ की छैन ?

क. छ ख. छैन

१३. पानीको व्यवस्था छ भने कस्तो छ ?

क. धारा जडान गरेको ख. बाल्टीमा राखेको

१४. शौचालय सफा सुग्घर छ की दुर्गन्धीत ?

क. सफा ख. दुर्गन्धीत

१५. तपाईंको विचारमा शौचालय सफा राख्नको लागि कस्को भूमिका ठूलो हुन्छ होला ?

क. विद्यालय सहयोगीको ख. शिक्षकको ग. विद्यार्थीको घ. सम्पूर्ण सदस्यको

१६. विद्यालयको शौचालयको सेफ्टीक टंकी छ की छैन ?

क. छ ख. छैन

१७. तपाईंको विद्यालय वरपरको वातावरण कस्तो छ ?

क. सफा ख. फोहोर

१८. विद्यालय वरपरको वातावरण सफा राख्नको लागि कस्को बढी जिम्मेवारी हुन्छ होला ?

क. विद्यार्थीको  ख. शिक्षकको  ग. सहायकको  घ. सबैको

१९. तपाईको विद्यालयमा खाजा तथा चमेना गृह छ कि छैन ?

क. छ  ख. छैन

२०. चमेना गृहको सरसफाई अवस्था कस्तो रहेको छ ?

क. सफा  ख. फोहोर

२१. तपाईको विद्यालयमा छात्राहरुको लागि सेनीटरी प्याडको व्यवस्था छ कि छैन ?

क. छ  ख. छैन

२२. तपाईलाई कोरोना भाइरसको बारेमा थाहा छ ?

क. थाहा छ  ख. थाहा छैन

२३. तपाईको विद्यालयमा हात धुने साबुन पानीको व्यवस्था छ कि छैन ?

क. छ  ख. छैन

२४. तपाइको विद्यालयमा सेनिटाइजर, मास्कको व्यवस्था छ कि छैन ?

क. छ  ख. छैन

२५. तपाईको विद्यालयमा कोरोना भाईरसबाट बच्न के-कस्ता सुरक्षाका उपायहरु अपनाइन्छ ?

..........................................................................................................

२६. तपाईंको विद्यालयमा सरसफाईका अन्य भौतिक उपलब्धता कस्तो रहेको छ ?

..........................................................................................................

२७. विद्यालयमा सरसफाईलाई निरन्तरता दिन के कस्ता कार्यहरु गर्ने, गराउने गर्नु हुन्छ ?

.......................................................................................................

२८. विद्यालयमा पिउने पानीको व्यवस्था कसरी गर्ने गर्नु भएको छ ?

.......................................................................................................

२९. तपाईंको विद्यालयमा शौचालयको अवस्था कस्तो छ ?

.......................................................................................................

३०. तपाईंको विद्यालयमा सरसफाई सम्बन्धी ज्ञान दिन विद्यार्थी बीच के कस्ता कार्यक्रम सञ्चालन गर्नु हुन्छ ?

.......................................................................................................

३१. तपाईंको विद्यालयमा सरसफाई अभ्यासलाई अघि बढाउन के-कस्ता समस्याहरु रहेका छन् ?

.......................................................................................................

३२. तपाईको विद्यालमया कोरोना भाइरसको संक्रमणबाट बच्न केकस्ता उपायहरु अपनाउनु भएको छ ?

.......................................................................................................

३३. तपाईको विद्यालयमा विद्यार्थीको लागि हात धुने व्यवस्था, सेनीटाईजरको व्यवस्था छ कि छैन ?

.......................................................................................................

३४. तपाईको विद्यालयमा छात्राहरुको लागि सेनीटरी प्याडको व्यवस्था छ कि छैन ?

.......................................................................................................

३५. विद्यालयमा विद्यार्थीको लागि सरसफाई तथा कोरोना भाइरसबाट बच्ने उपायको बारेमा चेतनामूलक कार्यक्रमहरु के कसरी संचालन गर्नुहुन्छ ?

.........................................................................................................

३६. तपाईको विद्यालयमा रहेको चमेना गृहको सरसफाईको अवस्था कस्तो रहेको छ ?

.........................................................................................................

३७. तपाईको विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुको सरसफाई सम्बन्धी धारणा कस्तो रहेको छ ?

.........................................................................................................

३८. तपाईको विचारमा अहिलेको परिवेशमा कोरोना भाइरसबाट बच्दै स्वास्थ्य, स्वच्छ र विद्यार्थीमैत्री वातावरणमा शैक्षिक कृयाकलाप संचालन गर्न के कस्ता विधि तथा उपाय अपनाउन सकिन्छ ?

.........................................................................................................

धन्यवाद ।